# मुन्दुम र बालअधिकार

चन्द्रकुमार राई


## सार-सङ्क्षेप

*मुन्दुमको महत्त्व किराती (लिम्बू, राई, सुनुवार र राई) जनजीवनमा सर्वाङ्गीन रहँदै आएको छ । मुन्दुम ज्ञानको रूपमा दर्शनशास्त्र, समाज मार्ग निर्देशनको लागि संविधान तथा कानुनको रूपमा र समाज नैतिक आचरणको लागि आचार संहिताको रूपमा यसको बहुआयमिक महत्त्व रहेको पाइन्छ । यसैको परिधि, परिवेश, विधि तथा प्रक्रियाभित्र रहेर किरातीहरूको दिनचर्या चल्दछ । मुन्दुमको यिनै अभिन्न विषयहरू मध्येमा बालअधिकारसम्बन्धी मुन्दुमी व्यवस्था पनि रहेको पाइन्छ । यो व्यवस्थाले एउटा योग्य मानव बन्नको लागि सर्वप्रथम बालबालिकाको शारीरिक, मानसिक तथा व्यक्तित्व विकास गर्ने अवसरको व्यवस्था गरेको छ, जसलाई नै मुन्दुमी बालअधिकारसम्बन्धी व्यवस्थाको रूपमा लिन सकिन्छ । यसरी मुन्दुममा व्यवस्था गरिएका बालबालिकाका हक, अधिकार र यसका मूल्य मान्यता तथा सिद्धान्तहरू र उपादेयताको बारेमा यहाँ अध्ययन गरिएको छ । यहाँ गरिएको व्यवस्थाले बालबालिकाको भ्रूण संरक्षण गर्दै जन्मन पाउने अधिकारसँगै व्यक्तित्व प्राप्त गर्ने अधिकारको समेत व्यवस्था गरेको छ । यसभित्र बालबालिकाको जन्म भइ सकेपछि नाम राख्ने अधिकार, संरक्षण, सुरक्षित पोषण र लत्ताकपडासँगै व्यक्तित्व विकासजस्ता अन्य अधिकारहरू प्रदान गरेको पाइन्छ । यस अर्थमा मुन्दुममा यथेष्ठ बालअधिकारहरूको व्यवस्था भएको पाइन्छ ।*


***प्रमुख शब्दकुञ्जीहरू:*** किरात, मुन्दुम, बालबालिका, अधिकार, बालअधिकार, मुन्दुमी कानुन

## १. परिचय

बालबालिकाको अधिकार उमेर निर्धारित अधिकार हो । उमेरको आधारमा मानवका आवश्यकता, चाहाना तथा भूमिकाहरू फरक फरक हुन्छन् । त्यसैले मानवको लागि उमेरअनुसारको भूमिका तथा व्यवस्था निर्धारण हुन आवश्यक हुन्छ । आम मानव समुदायमा मानवलाई बालबालिका, कोशोरकिशोरी, युवायुवती साथै प्रौढमा विभाजन गर्ने प्रचलन अधिकांश समाज, राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रमा रहिआएको छ । उमेर अनुसार नै मानवको शारीरिक, मानसिक अवस्था, स्वभाव, आवश्यकता तथा सोच, भूमिका र व्यवहारहरू निर्माण हुने गर्दछन् । यसको लागि उचित वातावरण र अवसरको आवश्यकता पर्दछ । यिनै तथ्यहरूलाई आधार मान्दै राज्यले कानुन निर्माण गरी संबोधन गर्ने गर्दछ अर्थात् उमेर अनुसार मानिसको शारीरिक वृद्धि, व्यक्तित्व विकास, अवसर साथै जीवन सुरक्षाको प्रत्याभूति गर्दछ । यसरी कानुनले सामान्य मानव प्राणीलाई सामाजिक दायित्व साथै भूमिकाहरू निश्चित गरी दिएर मानिसलाई प्राणी जगतको सर्वोच्च सामाजिक प्राणीको रूपमा स्थापित गरेको पाइन्छ (वाग्ले, वि.सं.२०६१, पृ.१) । उमेरको आधारमा मानवको शारीरिक अवस्था, चेतनास्तर साथै स्वभावको विकास हुने

भएकोले समय र उमेर सापेक्ष पोषणतत्व, लत्ताकपडासँगै अवसरहरूमा शिक्षा, स्वास्थ्य र शान्ति सुरक्षासम्बन्धी आदि विभिन्न अधिकारहरू कानुनमा प्रत्याभूत गरिएको हुन्छ । यी अधिकार तथा अवसरहरूले बालबालिकाको व्यक्तित्व विकास, सामाजिक भूमिका र प्रतिष्ठामा प्रत्यक्ष असर गर्दछ । त्यसैले उमेरको आधारमा कानुनहरूको तर्जुमा गर्न आवश्यक भएको हो ।

उमेरको आधारमा व्यक्तित्व विकासको प्रारम्भिक चरण भनेको नै बालबालिका हो । यो उमेरमा प्राप्त हुने सुविधा, अवसर, मेहेनत र क्षमताको आधारमा भावी व्यक्तित्व निर्माण हुन्छ । राष्ट्र, राज्य र विश्वको भविष्यको मुख्य जनशक्ति भनेको नै बालबालिका हुन् । सबल बालबालिकाको क्षमतामा नै परिवार, समाज र देशको उज्ज्वल भविष्य निर्धारित हुन्छ । त्यसैले बाल्यकालमा नै बालबालिकाको शारीरिक तथा मानसिक विकास तीव्रतर हने भएकोले उनीहरूको लागि विशेष र निश्चित अवसर तथा सुविधाहरूको आवश्यकता पर्दछ । बालबालिकाहरूको आवश्यकताहरू पूरा गर्नु अविभावक, समाज साथै राष्ट्रको पहिलो दायित्व हुन आउँछ । यस्ता जिम्मेवार व्यक्ति र निकायहरू दायित्व पूरा गर्नबाट पन्छिएमा बालबालिकाको भविष्यमाथि नै बाधाव्यावधान खडा भइ परिवार, समाज साथै राष्ट्रले जटिल परिस्थिति भोग्नुपर्ने अवस्था आइपर्दछ । यस्तो अवस्था सिर्जना नहोस् भन्नाको लागि संविधान र कानुनमा महत्त्वका साथ बालबालिकाको अधिकारसम्बन्धी व्यवस्था गरिएको हुन्छ । जस्तै : नेपालको संविधान २०७२ को धारा ३९ (१) मा प्रत्येक बालबालिकालाई पहिचान सहितको नाम र जन्मदर्ताको हक हुने, धारा ३९ (२) मा परिवार तथा राज्यको तर्फबाट शिक्षा, स्वास्थ्य, पालनपोषणलगायतका अन्य हक र अधिकारहरूको व्यवस्थाहरू गरिएको पाइन्छ (नेपाल सरकार, वि.सं. २०७६, पृ.३१) ।

मुन्दुम, किरातहरूको जीवनदर्शनको स्रोत हो । यसभित्र किरातहरूको आस्था, विश्वास, दैनिक क्रियाकलाप आदि बारेमा व्यवस्था भएको हुन्छ । उनीहरूका हरेक क्रियाकलापहरू मुन्दुमद्वारा निर्धारित र परिचालित हुन्छन् । यस आधारमा मुन्दुम किरात जनजीवनको मूल आधार हो । त्यसैले मुन्दुममा बालअधिकार तथा कर्तव्यको बारेमा व्यवस्था हुनु स्वभाविक मानिन्छ । मुन्दुमले बालकलाई नै यो धर्ती, समाज धान्ने मानव मानेको पाइन्छ । तसर्थ परिपक्व, परिश्रमी साथै दिग्गज मानव तयार पार्नको लागि मुन्दुमले पनि बालबालिकालाई विभिन्न प्रकारका संस्कार र सांस्कृतिक अधिकारमार्फत पारङ्गत तुल्याएको पाइन्छ । तथापि मुन्दुममा व्यवस्था भएका मुन्दुमी बालअधिकारहरूका बारेमा उजागर हुन सकेको देखिँदैन । यस अर्थमा मुन्दुमी बालअधिकारको बारेमा अध्ययनको आवश्यक रहेको छ । यो लेख मुन्दुममा बालअधिकार बारेमा के कस्ता प्रावधानहरू तर्जुमा गरिएका छन् ? किन मुन्दुममा यस्तो अधिकारहरूको व्यवस्था गर्नुपरेको हो ? यिनै प्रश्नहरूको समाधान गर्ने कार्यमा नै यो लेख केन्द्रित छ ।

यस अनुसन्धानको निष्कर्ष प्राप्त गर्नको लागि अध्ययनलाई गुणात्मक तथा आगनात्मक अनुसन्धान विधि अपनाइएको छ । आवश्यक तथ्याङ्कहरू प्राथमिक र द्वितियक स्रोत दुवैबाट प्राप्त गरिएका छन् । तथ्याङ्कहरू प्राप्त गर्नको लागि उद्देश्यमूलक र स्नोबल नमूना छनोट पद्धति अपनाइएको छ, जसको लागि अन्तर्वार्ता, सामूहिक छलफल विधि अवलम्वन गरिएको छ । यसरी प्राप्त तथ्याङ्कहरूलाई सामान्यीकरण गरेर विश्लेषणमार्फत निष्कर्ष प्रस्तुत गरिएको छ ।

## २. मन्दुममा बालअधिकार

लेख, बालअधिकारसँग सम्बन्धित भएकोले सर्वप्रथम बालबालिका भन्नाले कसलाई भनिन्छ ? यसका मुख्य आधारहरू केके छन् ? बालअधिकार भनेको के हो ? साथै विश्व परिवेश तथा नेपालमा बालअधिकारको बारेमा कानुनी व्यवस्थाहरू के कस्ता छन् र किन बालअधिकारको व्यवस्था गर्नुपरेको हो ? भन्ने बारेमा उल्लेख हुन आवश्यक छ । उल्लिखित प्रश्नहरूले बालबालिका र बालअधिकारसम्बन्धी कानुनी व्यवस्थाको बारेमा बुझ्न मद्दत गर्दछ, जसले मुन्दुममा भएको बालअधिकारसम्बन्धी व्यवस्था बुझ्न मार्ग प्रशस्त गर्दछ ।

बालअधिकारसम्बन्धी आधुनिक अवधारणा र तयारी पहिलो विश्वयुद्धपछि भएको हो। यो युद्धमा भएको नरसंहारकारी आक्रमणले अथाहा मानवीय क्षति पुग्दा बालबालिकाहरू पनि यसको चपेटामा पर्न पुगेका थिए । यसपछि नै मानवले मानव भएर बाँच्न पाउने मानव अधिकारको बारेमा विमर्श प्रारम्भ भएको थियो । यस मानव अधिकारको चर्चा परिचर्चासँगै बालअधिकार बारेमा पनि चर्चा आरम्भ भएको थियो । पहिलो विश्वयुद्धले विश्वलाई पुऱ्याएको क्षति साथै अशान्ति सिर्जना भएबाट सचेत भई विश्वमा शान्ति स्थापना गर्ने उद्देश्यले १० जनवरी १९२० मा राष्ट्रसङ्घको स्थापना भएको थियो । यही राष्ट्रसङ्घले बालअधिकारसम्बन्धी जेनेभा घोषणा, १९२४ जारी गर्दै पहिलो पटक बालअधिकारको बारेमा व्यवस्था गरेको थियो । यस घोषणाको धारा नं.२३ मा व्यवस्थित बालबालिकाका अधिकारहरूमा १.सामान्य विकासका लागि बालबालिकालाई भौतिक र आध्यात्मिक दुवै रूपमा चाहिने आवश्यक साधनहरू प्रदान गर्ने, २.भोक लागेकोलाई खाना दिनुपर्ने; बिरामीको लागि मद्दत गर्नुपर्ने; अपराधमा फसेका बालबालिकालाई माफ गर्नुपर्ने, ३.सङ्कटको समयमा राहतको पहिलो प्राधिकार बालबालिकालाई प्राप्त हुनु पर्ने, ४. बालबालिकालाई जीविकापार्जनको सुविधा प्राप्त हुनुका साथै प्रत्येक प्रकारको शोषणबाट सुरक्षा गर्नुपर्ने, ५.बालबालिकाहरूको प्रतिभालाई साथीहरू साथै मानव सेवामा समर्पित गर्ने वातावरणमा हुर्किन दिनुपर्ने उल्लेख छ (United Nation, 2007, p.3) । तर दोस्रो विश्वयुद्धबीचमा नै प्रारम्भ भएकोले राष्ट्रसङ्घले भूमिका निर्वाह गर्ने अवसर नपाइकन नै निस्क्रिय हुन पुग्यो । परिणामतः राष्ट्रसङ्घको निस्क्रियताले बालअधिकारसम्बन्धी जेनेभा घोषणा, १९२४ कार्यान्वयन हुन सकेन तथापि यस घोषणाले आगमी दिनमा बालअधिकारको लागि कानुनी तर्जुमा गर्नको लागि मार्ग प्रशस्त गर्ने काम गरेको थियो ।

दोस्रो विश्वयुद्धपछि स्थापित संयुक्त राष्ट्रसङ्घले बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, १९८९ तर्जुमा गर्दै बालबालिकाको परिभाषा र बालअधिकारको बारेमा सुनिश्चित व्यवस्था गरेको थियो । यसपछि भने विभिन्न राष्ट्रहरूले राष्ट्रिय कानुनमार्फत बालबालिकासम्बन्धी कानुनको तर्जुमा गर्न प्रारम्भ गरेको देखिन्छ । यस बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, १९८९ को धारा १ मा बालबालिकाको परिभाषा प्रष्ट पारिएको छ । यस परिभाषाअनुसार १८ वर्षभन्दा कम उमेरका प्रत्येक मानवजातिलाई बालबालिका सम्झनु पर्दछ (वाग्ले, वि.सं.२०६१, पृ.१२४) । नेपालको संविधान, २०७२ को धारा ३९ बालबालिकाको हकको बारेमा व्यवस्था गरेको छ (नेपाल सरकार, वि.सं.२०७६, पृ.३१) । यसपछि तर्जुमा गरिएको बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २ (ज) का अनुसार १८ वर्षभन्दा कम उमेरको व्यक्तिलाई बालबालिका भनिने प्रष्ट पारेको छ । यो परिभाषा पनि बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, १९८९ को परिभाषासँग समान रहेको देखिन्छ । यसले के देखाउँदछ भने राष्ट्रिय कानुनहरूले अन्तर्राष्ट्रिय कानुन अर्थात् बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, १९८९ को अनुशरण गरेका छन् ।

आधुनिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा बालबालिकाको अधिकारलाई विशिष्ट मान्दै बेग्लै कानुनमार्फत बालअधिकारको संरक्षण गर्दै आएको पाइन्छ । यस बारेमा संविधान तथा कानुनमा प्रष्ट पारिएको हुन्छ । Oxford Dictionary of Law का अनुसार अधिकार भन्नाले १. कुनै विषय वा कुनै सम्पत्तिप्रतिको चासो, २.कुनै चासो वा विशेषाधिकारको रूपमा मान्यता जुन कानुनद्वारा दिइएको हुन्छ ३. कानुनद्वारा दिइएको कुनै शक्ति अभ्यासको लागि प्रदान गरिएको स्वतन्त्रता हो । त्यसरी नै Black's Law Dictionary का अनुसार स्वतन्त्र रूपमा कुनै काम गर्ने अधिकार हो । नेपाली बृहत् शब्दकोशका अनुसार अधिकार भन्नाले "कानुनी, परम्परागत वा नैतिक रूपमा प्राप्य न्यायोचित दाबी, स्वतन्त्रता, हक, अख्तियार अधिकार हो (पराजुली, वि.सं.२०७०, पृ.२६) । यस अर्थमा अधिकार भन्नाले कुनै वस्तुमाथि दाबी गर्न सक्ने शक्ति हो ।

बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, १९८९ ले बालअधिकारसम्बन्धी विभिन्न अधिकारहरू जस्तै : बाँच्न पाउने अधिकार, जन्मका साथ नाम र नागरिकता प्राप्त गर्ने अधिकार, बालकको विचारले सम्मान पाउने अधिकार लगायत अरू धेरै अधिकारहरूको व्यवस्था गरेको छ (वाग्ले, वि.सं.२०६१, पृ.१२४—१४५) । नेपालको संविधान, २०७२ को धारा ३९ बालबालिकाको हकको बारेमा व्यवस्था गरेको छ (नेपाल सरकार, वि.सं.२०७२, पृ.३१) । यस व्यवस्थाअनुसार धारा ३९ (१) बालबालिकाले नाम प्राप्त गर्ने र जन्मदर्ताको अधिकार, ३९ (२) परिवार, शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोञ्जन तथा सर्वाङ्गीण व्यक्तित्वको विकास गर्ने लगायतका अधिकारहरूको व्यवस्था भएको पाइन्छ (नेपाल सरकार, वि.सं.२०७२, पृ.३१—३३) । त्यसरी नै बालबालिकासम्बन्धी ऐन, २०७५ बालबालिकाको अधिकारको सम्मान, सरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालबालिकासम्बन्धी ऐनको तर्जुमा गरिएको हो । यस ऐनको दफा ४. नाम, राष्ट्रियता र पहिचानको अधिकार, दफा ५. भेदभावविरुद्धको अधिकार, बाबुआमासँग बस्ने र भेटघाट गर्ने अधिकार, दफा ७. संरक्षणको अधिकारलगायत अरू धेरै अधिकारको व्यवस्था भएको पाइन्छ । क्रमिक रूपमा बालअधिकारको व्यवस्थामार्फत बालबालिकाहरूलाई सबल साथै सक्षम बनाइ राष्ट्रको नागरिक तुल्याइन्छ ।

मुन्दुमलाई मुन्धुम पनि भनिन्छ । यसको शाब्दिक अर्थ विभिन्न रूपमा दिएको पाइन्छ । मुन्दुम, मना+दुम/धुम् मिलेर बनेको हो, जसको अर्थ मानवको खोजी वा मान्छेका कुरा भन्ने हुन्छ (राई, वि.सं.२०४९, पृ.९), (खम्बु, वि.सं.२०५२, पृ.१२) । मना भन्नाले मानिस र दुम भन्नाले कुरा, शब्द या वाणी अर्थात् माङद्वारा सिर्जित ज्ञानको भण्डारलाई मुन्दुम भनिन्छ (राई, ये.दो.५०८३, पृ.३८) । यो किरात पुर्खाहरूले दीर्घकालीन समयमा आर्जन गरेको अतुलनीय बौद्धिक निचोड हो, महान् बौद्धिक सम्पदा र किरातहरूको जीवन—दर्शन पनि हो । यसको क्षतिपूर्ति आधुनिक ज्ञानले गर्न सक्तैन (चाम्लिङ, वि.सं.२०७१, पृ.१७) । यो एक अथाहा ज्ञानको भण्डार हो ।

नेपाली बृहत् शब्दकोशमा मुन्धुमलाई मन्दुम पनि भनिने र यो लिम्बु जातिको धर्मशास्त्र हुनुका साथै लिम्बू जातिको मौखिक परम्परामा जीवन्त रहेको शास्त्र एवं ज्ञानको भण्डार वा दार्शनिक वचनहरूको सङ्ग्रह भनेर अर्थ दिएको पाइन्छ (पराजुली, वि.सं.२०७७, पृ.१०४७) तर वास्तविक र व्यवहारिक रूपमा भने मुन्दुम लिम्बूहरूको मात्र नभएर किरातभित्रका राई, याक्खा र सुनुवारको पनि जीवन दर्शनशास्त्र हो । अर्कोतिर मिना

(मान्छे) को दुम (बोली) नै मुन्दुम हो (राई, वि.सं.२०७५, पृ.७५) । यो मानिस र मानिसको सेरोफेरो विषयवस्तुको बारेमा समेटिएको समग्र जानकारी नै मुन्दुम हो ।

मुन्दुमले मानव सृष्टि पहिल्याउनु, मानवको उत्पत्ति र त्यसको ऐतिहासिक विकासक्रमको पहिचान गर्नु, मानव समाजमा विद्यमान विभिन्न सङ्गति विसङ्गतिहरूको खोजी र व्याख्या गर्नु, आध्यात्मिक चिन्तन र वैज्ञानिक जीवन पद्धतिको अतकरेक्वालाई एकसाथ व्याख्या गर्नु नै मुन्दुम् वा (मुन्धुम्) हो । यहीं मुन्दुम् (मुन्धुम्) कै आधारमा किरात राई लिम्बूको शुरुदेखि आजसम्म समाज र जीवन शैली अनुबन्धित भई सञ्चालन हुँदै आएको छ (राई, वि.सं.२०४९, पृ.९—१०) । मानवलाई केन्द्रमा राखेर मानवसँग सम्बन्धित वस्तु, सोंच र व्यवहारको मुख्य माध्यम नै मुन्दुम हो । त्यसैले मानवभन्दा भिन्न मुन्दुम रहन सक्तैन भने मुन्दुमबिनाको किरात र किरात धर्मावलम्बी हुन सक्दैन ।

मुन्दुमलाई प्रष्ट पार्न र परिभाषा दिने क्रममा उल्लेख गरिएको छ कि मुन्दुम किरात जातिको त्यो श्रुति परम्परा हो, जसमा सृष्टिदेखि आजसम्म भएका घटनाको सबिस्तार वर्णन, विधि—निषेधका कुराहरू र व्यक्ति, परिवार तथा समाज कल्याणका लागि गरिने अनुष्ठानहरूको वर्णन पाइन्छ (वैरागी, १९९९, पृ.२५१) । मुन्दुम श्रुति परम्परामा आधारित हुनुका साथै यसभित्र किरातीहरूको जीवनमा घटेका विभिन्न अवस्थाहरूको बारेमा साथै समाजलाई सकारात्मक मार्गतिर डोर्याउँने विधिहरू समाविष्ट गरिएको हुन्छ । यसरी नै मुन्दुमभित्र किरातहरूको विचार, अनुभव र अनुभूतिका आधारमा सिर्जित वा निर्मित दर्शन, चिन्तनसमेत प्राप्त गर्न सकिन्छ । यसैले मुन्दुम किरातीहरूको जीवन दर्शनको स्रोत हो । किरातहरूको दार्शनिक आधार मुन्दुम हो (राई, वि.स.२०७४, पृ.७५) । मुन्दुम राईहरूको मात्र नभएर सम्पूर्ण किरात (राई, लिम्बू, सुनुवार याक्खा र अन्य) हरूको जीवन दर्शनको स्रोत हो ।

मुन्दुममा मानवीय जीवनको सृष्टि, निरन्तरता र अन्त्यबारे साथै आचार, विचार, मूल्य, मान्यता लगायतका व्यवहारहरूको बारेमा पूर्णतः व्यवस्था गरिएको छ। यही आधारमा किरातीहरूले आफ्नो सोंच विचारको निर्माण गरेर जीवन व्यवहारमा लागु गरेको पाइन्छ। यस्तै व्यवस्थाहरू मध्येमा बालअधिकारसम्बन्धी मुन्दुमी प्रावधानहरू पनि हुन्। मुन्दममा मानवको आचरण अर्थात् जीवन अवधिमा गरिने व्यवहारको बारेमा व्यवस्था गरिएको हुन्छ भने विशेष विशेषताको कारण बालबालिकाको बारेमा भिन्न व्यवस्था गर्न आवश्यकत भएको हो। यस व्यवस्थाले बालबालिकाको व्यक्तित्व विकास र संरक्षणमा मद्दत पुगेको देखिन्छ।

मुन्दुममा बालबालिकाको उमेर बारेमा किटानी व्यवस्था गरिएको छैन तर उनको शारीरिक अवस्थामा देखापर्ने विशेषतालाई आधार मानेर बालबालिकाको उमेर निर्धारण गरिने व्यवहारिक अभ्यास रहेको पाइन्छ।[१] मुन्दुमी अभ्यास अनुसार छोरी भएमा महिनावारीपछि र छोरा भएमा दाह्री जुँगाको रेखी बसेपछि उमेर पुगेको मानिन्छ अर्थात् यो उमेर नपुगेसम्म बालबालिका मानिन्छ, त्यसपछि युवायुवती मानिन्छ । यसरी उमेरको विभाजनसँगै युवायुवती भएपछि विवाहको लागि योग्य मानिन्छ । यसरी मुन्दुममा व्यवस्था गरिएको बालबालिकासम्बन्धी विभिन्न व्यवस्थाहरूलाई नै मुन्दुमी बालअधिकार भन्न सकिन्छ । यहाँ तिनै बालअधिकारहरूको बारेमा क्रमशः चर्चा गरिएको छः

१. तेह्रथुम जिल्ला निवासी दधिप्रसाद लिम्बू पंधाकसँग भएको अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

### २.१. गर्भ संरक्षण तथा जन्मन पाउने अधिकार

भौतिक वा शारीरिक विज्ञानको मान्यताअनुसार महिला र पुरुषबीचको शारीरिक सम्बन्धपछि महिलाको शरीरभित्र भ्रूण (गर्भ) को सिर्जना हुन्छ, जुन मानव जीवनको पहिलो आधार हो । यही भ्रूण नै क्रमिक रूपमा वृद्धि र विकसित हुँदै जाँदा निश्चित समय पुगेपछि मानवाकृति लिई मानवको रूपमा यस धर्तीमा पदार्पण हुन पुग्दछ, जसलाई हामी बुबाआमाको सन्तान र उत्तराधिकारी भनेर चिन्दछौं । मानव बन्नको लागि सर्बप्रथम भ्रूणको संरक्षण हुन आवश्यक छ । यही मान्यतासँग मुन्दुमको मान्यता समान रहेको पाइन्छ । मुन्दुमले पनि यही परिस्थितिलाई मध्येनजर गरेर मानव भ्रूणको संरक्षण गर्ने मात्र होइन, वृद्धिलाई समेत पहिलो प्राथमिकता दिएको छ अर्थात् भ्रूणले मानव आकार लिई सकुशल जन्मने अधिकारको व्यवस्था गरेको छ ।

मुन्दुम अनुसार गर्भ रहेको थाहा हुने बित्तिकै गर्भवती महिलाको स्वास्थ्यलाई ध्यान दिनु पर्दछ । आमालाई हुने शारीरिक र मानसिक असरले भ्रूणलाई क्षति नपुगोस् भनेर सचेत भइ व्यवहार गरिन्छ । पहिला पहिला किरातहरूमा गर्भ रहने वित्तिकै आमा र गर्भको सुरक्षा र स्वस्थ्य अपेक्षा गरेर गर्भवती महिला र गर्भ संरक्षण गर्नको लागि शक्ति माग्दै पितृहरूलाई जानकारी दिने संस्कार गरिन्थ्यो, तर अहिले लोप भएर गएको छ।[२] किरातहरूमा पितृभन्दा शक्तिशाली केही नहुने विश्वास रहेको पाइन्छ । उनीहरूको प्रगति, अधोगति, संरक्षण र विनास सबै परिणाम प्राप्तिमा पितृहरूको भूमिका हुन्छ । त्यसैले हरेक कार्यको अग्रिम जानकारी पितृहरूलाई दिन आवश्यक ठानिन्छ । यसरी पितृहरूले अग्रिम जानकारी पाएपछि गर्भ र आमाको संरक्षणमा सशक्त भूमिका निर्वाह गर्दछन् । अहिले भने पितृहरूलाई अग्रिम जानकारी दिने मुन्दुमी परम्परा हराए पनि कुनै अवसर पारेर गर्भको बच्चा सकुशल जन्मन सकोस् भनेर बान्तावा राईहरूले होङ्गमाङ[३] (हतुवाली, मिति उल्लेख नभएको, पृ.३) । त्यसरी नै लिम्बू किरातहरूले आमाको पेटमा बच्चा चल्न थालेपछि साप्पोक चोमेन[४] (सुब्बा, वि.सं.२०७४, पृ.४६, ४७) गर्दछन् भने याक्खा किरातहरूले चेलाङ्माच्याङ पूजा (कोङरेन, वि.सं.२०६४, पृ.६४) र सुनुवार किरातहरूले बुलुच् च्वोचा संस्कार गर्दछन् (मुखिया, वि.सं.२०७४, पृ.५६) । यो संस्कार गरेपछि गर्भ र गर्भवती महिला स्वास्थ्य रहनुका साथै बच्चा सकुशल जन्मन्छ भन्ने विश्वास रहेको छ ।

गर्भवती महिला र गर्भको स्वास्थ्य अवस्थालाई संरक्षण गर्नको लागि मुन्दुमले केही निषेधित अवस्थाहरूको पनि व्यवस्था गरेको छ । यस्ता अवस्थाहरूमा गर्भवती महिलालाई अशुभ समाचार सुनाउन नहुने, चिन्ता हुने खालको बचन दिन नमिल्ने, दुर्घटना भएको ठाउँमा जान साथै लास हेर्न निषेध गरिएको हुन्छ । यी कार्यहरूले गर्भवती महिलालाई मात्र होइन बच्चाको शारीरिक र मानसिक विकासमा समेत असर गर्दछ भन्ने मुन्दुमी मान्यता रहेको छ (चाम्लिङ, २००५, पृ.३३) । त्यति मात्र होइन गर्भपतनको सम्भावना पनि प्रबल रहन्छ भन्ने छ। त्यसरी नै गर्भवती महिलालाई मूलको पानी सिधै खान, छिपछिपे पानी भएको ठाउँबाट निस्कने पहेंलो तथा रातो लेदो भएको ठाउँमा जान र हेर्न साथै सिमसार क्षेत्रमा प्रवेश गर्नको लागि निषेध गरेको हुन्छ। यी ठाउँहरूमा

२ भोजपुर जिल्ला, हतुवागढी गाउँपालिका, वडा नं.२, दितेनी निवासी राजकुमार राईसँग लिइएको अन्तर्वार्तामा आधारित ।

३ खोला देव ।

४ कोख पूजा ।

जाँदा गर्भवती महिलाको शरीरमा असर गरेर गर्भपतन हुने व्यवहारिक अनुभव प्राप्त भएकोले त्यस्ता ठाउँहरूमा जान मुन्दुमले सशक्त निषेध गरेको हुन्छ। [५]

आधुनिक कानुनले गर्भपतनको बारेमा प्राकृतिक गर्भपतन, कानुनी गर्भपतन र गैरकानुनी गर्भपतन भनेर बिभाजन गरेर गर्भपतनसम्बन्धी कानुनी व्यवस्थाहरू गरेको पाइन्छ (भण्डारी, वि.सं.२०५०, पृ.५०६, ५०७) । तर मुन्दुमले भने गर्भ बसेपछि गर्भले मानव भएर सकुशल जन्मनुपर्ने बाध्यात्मक मान्यता राखेको छ। गर्भपूजाको अवसरमा गर्भ सुस्वास्थ्य र सकुशल रहोस् भन्नको मुन्दुम बाचन गरिन्छ।[६]

यसरी गर्भलाई सुरक्षित र स्वास्थ्य रहन साथै सकुशल जन्मनको लागि मुन्दुमी व्यवस्था गरिएको छ। यस व्यवस्थालाई गर्भ सुरक्षित राख्ने अधिकारको रूपमा लिन सकिन्छ।

### *२.२. गर्भमा रहेको बच्चाको पोषण अधिकार*

गर्भ सुस्वास्थ्य रहन र बन्नको लागि आमा र गर्भको बच्चा दुवैलाई पौष्टिक आहाराको आवश्यकता हुन्छ। गर्भ र गर्भवती दुवै स्वास्थ्य रहेमा मात्र बच्चा सकुशल, सबल र सशक्त जन्मन सक्ने साथै आमा पनि सकुशल र सशक्त बन्ने मुन्दुमी मान्यता रहेको छ। त्यसैले मुन्दुमले गर्भमा रहेको बच्चाको मात्र संरक्षणको बारेमा मात्र व्यवस्था गरेको छैन कि सुस्वास्थ्य तथा उपयुक्त पोषण अधिकारको पनि व्यवस्था गरेको छ। गर्भमा रहेको बच्चा सुस्वास्थ्य बन्न र आवश्यक पोषण प्राप्त गर्न सकोस् भनेर गर्भ रहेदेखि नै उनको पनि भाग छुट्याएर आमालाई दिने प्रचलन छ। यस्तो गरिएन भने बच्चाको चित्त दुख्छ भन्ने विश्वास रहेको छ। यो भाग आमाले नै खानुपर्दछ (चाम्लिङ, वि.सं.२०७३, पृ.४१) वास्तबमा चित्त दुख्नु भनेको पोषणको अभावमा गर्भ कुपोषित हुनु हो र रोगी बन्छ भन्ने मान्यता हो। यसरी मुन्दुमले गर्भको बच्चालाई समेत व्यक्तित्वको रूपमा स्वीकार गरेर पोषणको अधिकार प्रदान गरेको छ। यस कार्यले गर्भवती आमा र गर्भमा रहेको बच्चा दुवैलाई प्रशस्त पोषण प्राप्त हुन्छ। यो अवस्थामा पोषणको अभाव भएमा बच्चा जन्माउन कठिन हुनुका साथै जन्मिने बच्चा पनि अपाङ्ग जन्मने हुन्छ भन्ने हो। यसरी गर्भ वा गर्भमा रहेको बच्चाको लागि पोषणको अधिकारको व्यवस्था मुन्दुममा गरिएको पाइन्छ।

---

५ भोजपुर जिल्ला हतुवागढी गाउँपालिका, वडा नं.२, दितेनी बस्ने धिरेन्द्र राई र कृष्ण कुमारी राईसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारीमा आधारित।

६ *तपाईंहरूले नै सृष्टि गर्नु भएको कायालाई*
*प्रकाश दिएर उज्यालो बनाउनु होस्*
*सातो दिनुहोस्, शक्ति दिनुहोस्*
*सौन्दर्य दिनुहोस्, बढ्ने गति दिनुहोस्*
*उनको आमाको पेटमा रहुञ्जेल खान पिउन दिनुहोस्।*
*बढ्ने फैलने शक्ति दिनुहोस्*
*लागु सेसेन्दरका आँखाबाट छलेर राख्नुहोस्*
*दुर्घटनाको कुनै दुश्प्रयास नरहोस्।*
*रोगव्याधिको बाटो रोकेर राखिदिनुहोस्*
*यो कायालाई हराउन बिलाउन नदिनुहोस्*
*जतनले माया गरेर राखिदिनुहोस् (मुखिया, वि.सं.२०७४, पृ.५८)।*

### *२.३. बालबालिकाले नाम पाउने अधिकार*

बालबालिकाले प्राप्त गर्ने नामको महत्त्व हुने भएकोले नै नेपालको संविधान २०७२ को धारा ३९ (१) मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुने व्यवस्था गरेको छ (नेपाल सरकार, वि.सं.२०७२, पृ.३१)। बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४ मा नाम, राष्ट्रियता र पहिचानको शीर्षकको उपदफा १ मा प्रत्येक बालकलाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुने र उपदफा २ मा बालबालिकाको बुबाआमाले सन्तानको नाम राखेर जन्मदर्ता गराइ दिनुपर्ने वाध्यात्मक व्यवस्था गरेको छ। नामले बालबालिकालाई व्यक्तित्व प्रदान गर्नुका साथै चिनारी दिने र यसैको आधारमा जात, वंश, नागरिकता तथा अधिकारजस्ता कार्यहरू निर्धारण हुने भएकोले एउटा बालक र एउटा मानवको लागि नामको महत्त्व रहेको हुन्छ (हतुवाली, मिति उल्लेख नभएको, पृ.३)। तसर्थ बालबालिका जन्मेपछि नाम प्राप्त गर्ने अधिकारको व्यवस्था गरिएको हो ।

आधुनिक राज्य व्यवस्थाको मूल आधार संविधान र कानुनले जसरी बालबालिकाको नामको महत्त्व दिएर व्यवस्था गरेका छन्, मुन्दुमले पनि नामको महत्त्वको बारेमा त्यसरी नै जोड दिएको छ। मुन्दुमले नामविहीन मानवमात्र होइन, अन्य कुनै पनि वस्तु हुन सक्तैन भन्ने कल्पना गरेको छ। त्यसैले नाम राख्ने संस्कारको क्रममा मुन्दुम बाचन गर्दै भनिन्छ "तिमीलाई चिन्नको लागि तिम्रो नाम आजदेखि फलना भनी राखिदिएका छौं (राई, वि.सं.२०५५, पृ.४७) ।" नाम चिनारी हो । नामसँगै चिनारी आरम्भ हुने र मानवीय, सामाजिक, भाषिक, संस्कार तथा संस्कृतिका विषयहरू जोडिएर आएका हुन्छन्। मुन्दुमले बालबालिकाको नाम राख्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ। बच्चा जन्मेपछि मुन्दुम निर्देशित विधिविधानको अनुसरण गर्दै नयाँ बालबालिकाको नाम राखिन्छ। बालबालिकाको नाम संस्कार गर्दा बाचन गरिने मुन्दुममा नामको महत्त्व बारेमा प्रष्ट पारिएको छ।[७]

मुन्दुमका अनुसार पृथ्वीमा मानवसँगै जति पनि जीवजन्तु, बनस्पतिलगायतका वस्तुहरू छन्, ती सबैको नाम हुन्छ। यस अर्थमा बालबालिकाको नामको बारेमा मुन्दुमले विशेष जोड दिनु स्वभाविक देखिन्छ। त्यसरी नै बच्चाको नामको महत्त्वबारेमा पनि मुन्दुममा उल्लेख भएको पाइन्छ।[८]

---

७ *नेसे नीनीनाप्चादमी सेन्तीयाला दाः सोमामी भक्पा, सीङ्खे, जीम, लुङ्दके दा आनी निङ् पाचो पाना बक्ता ने । आना ईसुपुम् पेः सङ् गुकी यो की, पीदमी पाना, सोःना खङ् ईनीङ् फलाना (जुरेको नाम) पात्ती गीना ब (राई, वि.सं. २०८०, पृ.३६) ।*

**अनुवाद**

*उहिले पुर्खाहरूले चिन्नको लागि जङ्गली जनावर, चराचुरुङ्गी, कसिङ्गर, पतकरहरूको त नाम राख्ने गरेका थिए रे । आज हामीले पनि पुर्खाहरूले गरे भने जसरी तिम्रो फलाना (जुरेको नाम) नामकरण गरेका छौं ।*

८ *लौ है लौ !*
*आमाको पेटबाट*
*मनुष्यको जन्म भयौ*
*छोरा/छोरी भई हाम्रो घरमा आयौ*
*यहाँ हामीले नाम जुराउँदैछौं*
*मनुष्य बनाउनको लागि*
*साँचो मान्छे बनाउनको लागि*
*हामीले संस्कारमा बाँध्दैछौं (राई, वि.सं.२०७७, पृ.१४०) ।*

मुन्दुममा उल्लिखित रिसियाले समाजमा मानव भएर बस्नको लागि नामको आवश्यकता पर्ने उल्लेख गरेको छ। नाम दिएपछि मात्र मनुष्य बन्दछ। नाम नभएसम्म स्वरूप मानवकै भए तापनि मानव मानिदैंन, अन्य जीव समान हुन्छ भन्ने मान्यता रहेको छ। त्यसैले बालबालिका जन्मेपछि नाम राख्नुपर्ने मुन्दुममा अनिवार्य व्यवस्था गरिएको हो। यसै नामको माध्यमबाट बालबालिकाले आफ्नो चिनारी तथा व्यक्तित्व निर्माण गर्दछ। यस अर्थमा नामको महत्त्व रहेको देखिन्छ ।

### *२.४.भेदभाव विरुद्धको अधिकार*

अधिकारको आदर्शवादी सिद्धान्तअनुसार समाजको महत्त्वपूर्ण तत्त्व भनेको मानिस हो । त्यसैले मानिसले आफ्नो व्यक्तित्वको विकास गर्न पाउनु पहिलो अधिकार हो (शर्मा, वि.सं.२०५१, पृ.१०) । हिन्दु धर्मशास्त्रहरूमा गर्भको बच्चा छोरा नै होस् भनेर पुंशवान संस्कार गरिने उल्लेख पाइन्छ (क्षेत्री, खतिवडा, वि.सं.२०५४, पृ.२३७)। यस प्रावधानले छोरीलाई भन्दा छोरालाई प्राथमिकता दिएको देखिन्छ तर मुन्दुममा यस्तो व्यवस्था गरिएको छैन। छोराछोरी दुवैलाई समान मानिन्छ र बालबालिका दुवैको व्यक्तित्व विकासलाई पहिलो प्राथमिकता दिएको हुन्छ। यसको पहिलो आधार भनेको छोराछोरीमा विभेद नगर्नु नै हो। न्वारन संस्कारको समयमा "आज तिमी हाम्रो छोरा/छोरी, नाति/नातिनी भएर यो धर्तीमा जन्म लिएका छौ" भनिन्छ (राई, वि.सं.२०८०, पृ.३६)। यसरी छोरा/छोरीबीचमा मुन्दुमले कुनै विभेद गरेको मानिन्न। मागेर, भागेर, जारी गरेर वा अन्तरजातीय विवाहबाट जन्मिएका सन्तान होस् वा धर्मपुत्र/धर्मपुत्री होस्, कसैबीच पनि विभेदको व्यवहार गरिँदैन। सबैबीच माया, ममता तथा अन्य अधिकारहरू समान रूपले प्राप्त गर्दछन् भने सांस्कृतिक कार्यहरूमा पनि समान व्यवहार गरिन्छ (थामरोस्, वि.सं.२०५७, पृ.६९)।

### *२.५. समान भाग पाउने अधिकार*

हुन त मुन्दुमले गर्भ बसिसकेपछि नै गर्भको बच्चालाई व्यक्तिको मान्यता दिएर गर्भमा रहुन्जेल पनि सुरक्षित, स्वास्थ्य रहने र पोषणको अधिकार दिएको छ। त्यसै गरेर बालबालिका जन्मिने बित्तिकै हरेक सांस्कृतिक अधिकारहरू प्राप्त हुने मुन्दुमी व्यवस्था रहेको छ। बच्चा जन्मने वित्तिकै उनलाई पोषणको अधिकार प्राप्त गर्ने व्यवस्था गरेको छ। उनले खाना ग्रहण गर्न नसक्ने भए तापनि उनको अनिवार्य भाग छुट्याइन्छ। अझ सांस्कृतिक भोज आदि कार्यहरूमा बढी ख्याल गरिन्छ। त्यसैले कोक्रीमा रहेको बालबालिकाको पनि भाग छुट्याउने गरिन्छ। यस्तो भाग अविभावकले जति पाउँछ, त्यति नै उनलाई पनि दिइन्छ। कसैले भाग दिने क्रममा यस्तो विभेद गरेमा सचेत गराइन्छ। यसको मुख्य ध्येय भनेको व्यक्ति वा मानव सबै समान हुन्छन् भन्ने हो।

### *२.६. धर्मपुत्र/पुत्रीसम्बन्धी प्रावधान*

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ५(२) अनुसार छोराछोरी र धर्मपुत्र/पुत्रीबीच भेदभाव गर्न मिल्दैन। यो कानुनी व्यवस्थाजस्तै मुन्दुममा पनि धर्मपुत्र/पुत्री सम्बन्धमा व्यवस्था गरिएको छ। मुन्दुममा धर्मपुत्री/पुत्रीलाई जनाउने भिन्न शब्द छैन, छोराछोरी नै भनिन्छ।[९] त्यसैले आफुले जन्माएको सन्तान र सन्तान

९ *भोजपुर जिल्ला, टेम्केमैयुङ गाउँपालिका, वडा नं. , दिल्पा निवासी तीर्थराज मुकारुङ राईसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।*

बनाउनलाई ल्याएको छोराछोरीबीच कुनै विभेद गरिँदैन। मुन्दुममा धर्मपुत्र/पुत्री राख्ने अवस्था र राख्ने शर्तहरू यसप्रकार रहेका छन्। [१०]

१. कसैको सन्तान भएन भने धर्मपुत्र/पुत्री दुवै राख्न सक्दछन्।

२. सन्तान भएर पनि बाँच्न सकेनन, धर्मपुत्र/पुत्री राख्न मिल्दछ।

३. छोरा हुनेले छोरा धर्मपुत्र र छोरी हुनेले छोरी धर्मपुत्र राख्न मिल्दैन।

४. धर्मपुत्र/पुत्री अपनाउँदा आफ्नै वंश दाजुभाइभित्रबाट मात्र लिन मिल्छ ।

५. अविवाहित पुरुष र महिलाले पनि धर्मपुत्र/पुत्री राख्न मिल्छ ?

मुन्दुमले सन्तान नभएका किरात दम्पतिहरू साथै अविवाहित महिला र पुरुषहरूलाई धर्मपुत्र/पुत्री राखेर सन्तानको चाहाना पूरा गर्ने अवसर प्रदान गरेको छ। विवाहित दम्पतिहरूले धर्मपुत्र-पुत्री राखी सकेपछि आफ्नै कोखबाट सन्तान भएमा र अविवाहितहरूले पछि विवाह गरेर सन्तान जन्माएमा पहिल्यै राखेको धर्मपुत्र/पुत्रीलाई फिर्ता गर्न वा आफुले जन्माएको सन्तान र धर्मपुत्र/पुत्री बीच विभेद गर्न मिल्दैन। [११] धर्मपुत्र/पुत्री राख्दा सकेसम्म वंश दाजुभाइकै सन्तान हुनु पर्ने मान्यता छ। दाजुभाइभित्रको धर्मपुत्र/पुत्री प्राप्त नभएको खण्डमा वंश दाजुभाइसँग विमर्श गरेर गैरकिराती बाहेकको बालबालिकालाई धर्मपुत्र/पुत्री राख्न मिल्छ। यसरी धर्मपुत्र/पुत्री राख्दा निश्चित मुन्दुमी विधिविधान अवलम्बन गरिन्छ। धर्मपुत्र/धर्मपुत्री राखेको बच्चाले आफुलाई जन्माउने बुबाआमा भेट्न चाहेमा भेटघाट गर्न दिने व्यवस्था रहेको छ भने जन्म दिने आमा र बुबाको काजक्रिया गर्न चाहेमा उनले पनि अन्य दाजुभाइ र दिदी बहिनी सरह बस्न मिल्ने अधिकार दिएको छ।

### *२.७. बालबालिकालाई अभिभावकत्व दिनुपर्ने*

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ७ मा बालबालिकाको संरक्षणको अधिकारको व्यवस्था गरेको छ। यस दफाको उपदफा १ मा बालबालिकाको उचित हेरचाह, संरक्षण, पालनपोषण तथा माया प्राप्त गर्ने अधिकारको व्यवस्था गरेको छ। उपदफा १ मा व्यवस्था गरिएको अधिकारको पालना गर्नुपर्ने कर्तव्य उपदफा २ मा बुबा र आमाको हुने व्यवस्था छ। बुबा र आमा नभएको सन्दर्भमा भने परिवारको हुने अर्थात् परिवारमा को-को छन्, उनीहरूले गर्नुपर्ने व्यवस्था गरिएको छ।

मुन्दुममा पनि बालबालिकालाई बेवारिसे बनाएर राख्न नमिल्ने व्यवस्था छ। यस व्यवस्था अनुसार बालबालिकाको आमा र बुबा दुवैको मृत्यु भएमा, बुबाको मृत्यु भएर आमाले अर्कोसँग विवाह गरेको अवस्थामा बालबालिकाको अविभावकत्व वा संरक्षण, हेरचाह र माया पाउने अधिकार शून्य हुँदैन। यस्तो अवस्था आएमा मुन्दुमले पहिलो प्राधिकार आमालाई दिएको छ। यस्तो अवस्था आइ परेमा सकेसम्म बालबालिकालाई आमाले बिहे गरेको घरमा लगेर हुर्काउने र आत्मानिर्भर भएपछि घर पठाउने मुन्दुमी परम्परा रहेको छ। अझ यदि बितेका लोग्नेतिरका दाजुभाइले स्वीकृति दिएमा र आमाले जोसँग बिहे गरेर गएको हो, नयाँ लोग्नेले

१० भोजपुर जिल्ला, हतुवागढी गाउँपालिका, वडा नं.२, दितेनी निवासी राजकुमार राईसँग भएको कुराकानीमा आधारित।

१० भोजपुर जिल्ला, हतुवागढी गाउँपालिका, वडा नं.२, दितेनी निवासी थामबहादुर राईसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी।

स्वीकार गरेमा आफ्नो थर, पाछा दिएर सन्तान बनाएर हुर्काउँछन्।[१२] तर उल्लिखित दुई विकल्पहरू नभएमा बालबालिकाको संरक्षण गर्ने कर्तव्य घरको बाजेबज्यै, बडाबडी, काकाकाकीको हुन्छ। बडाबडी र काकाकाकीले संरक्षण गरेनन् भने मामा माइजूले भान्जाभान्जीको संरक्षण गर्ने जिम्मेवारीको व्यवस्था गरेको छ। यस्तो अवस्था आइपरेमा बडाबडी र काकाकाकी वा मावलीहरूले भतिज, भतिजी वा भान्जाभान्जीहरूलाई बेवास्ता गर्न मिल्दैन। कसैले बेवास्ता गरेमा समाज मिलेर उनीहरूलाई पालनपोषण गर्न बाध्य पार्दछ । व्यवहारमा किराती समाजमा यस्ता बालबालिकाहरू धेरैजस्तो आमासँगै हुर्कने र आमाले नहुर्काएमा मामाघरमा हुर्केर मावलीहरूले नै भान्जाभान्जीको विवाह गरिदिने चलन रहेको देखिन्छ। चेलीबेटीको सन्तानलाई पनि आफ्नो सन्तानसरह मान्ने परम्परा रहेको पाइन्छ।

### २.८. उचित मृत्यु संस्कारसम्बन्धी अधिकार

कुनै पनि बालबालिकाको मृत्यु भएमा उचित मृत्यु संस्कारको मुन्दुमी विधिविधान रहेको छ। मृत्यु भइसकेको बच्चाको लाशलाई मुन्दुममा व्यवस्थाअनुसार उमेरका आधारमा कोक्रो वा थुन्चेमा राखेर ओडारमा राखी आउने वा जमिनमा दफन गर्ने गरिन्छ। बालबालिकाको लास हो भनेर जथाभावी गर्न मिल्दैन।

### २.९. थर[१३], पाछा[१४] र सामेत[१५] प्राप्त गर्ने अधिकार

मुन्दुमअनुसार यौन सम्बन्ध राख्न मिल्ने पहिलो शर्त भनेको नै विवाह हो तर कसैको विवाह नहुँदै लुकिछिपी यौन सम्बन्ध राखेर गर्भ रहन पुग्यो। गर्भ रहेको बच्चा यौन सम्बन्ध राख्ने भनेर आरोपित पुरुषले स्वीकार गरेमा सांस्कृतिक मूल्य मान्यताहरू पुरुषको तर्फबाट नै प्राप्त गर्दछ अर्थात् बालबालिकाले पुरुषको परिवारको सदस्य बनेर थर, पाछा, समेत प्राप्त गर्दछ तर आरोपित पुरुषले गर्भमा रहेको बच्चा नस्वीकारेमा र समाजले पनि सप्रमाण निश्चित व्यक्तिको सन्तान हो भनेर किटान गर्न नसकी जन्मेको बच्चा बेवारिसे बन्न पुग्दछ। मुन्दुमी व्यवस्थाअनुसार कुनै पनि बच्चालाई बेवारिसे बनाएर राख्न मिल्दैन। यस्तो अवस्था सिर्जना भएको अवस्थामा मुन्दुमले वैकल्पिक व्यवस्था गरेको छ। त्यसैले यस्तो अवस्था आइपरेमा मावली र १० समाज सभा बसेर चेलीबेटीको सन्तानलाई मावलीको थर, पाछा, सामेत र सुसुलुङ[१६] दिएर आफ्नै वंशमा अँगाल्ने वा छुट्टै थर, पाछा र सामेत दिएर सांस्कृतिक पहिचान दिने गरिन्छ। भान्जाभान्जीहरूलाई सांस्कृतिक पहिचान दिइसकेपछि चेली र भान्जाभान्जीहरूलाई गरिखानको लागि जग्गा जमिन लगायतका सम्पत्ति दिइ साथमै पनि राख्ने प्रचलन छ ।

### २.१०. सम्बन्ध विच्छेदपछि बालबालिकासम्बन्धी व्यवस्था

सम्बन्ध विच्छेदलाई किराती राई भाषामा मनाफेक्मा भनिन्छ। मनाफेक्मा गर्दाको अवस्थामा पनि बालबालिकाको हेरचाह, संरक्षण, पालनपोषण गर्ने र माया प्राप्त गर्ने अधिकारको प्रश्न उठ्दछ। बालबालिका

---

१२ भोजपुर जिल्ला, टेम्केमैयुङ गाउँपालिका, वडा नं. ३, दिल्पा निवासी तीर्थराज मुकारुङ राईसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

१३ थर भन्नाले भिन्न भाषी राई भन्ने जनाउँछ ।

१४ पाछा थरको उपशाखा वा अंश हो भने बाबुको सन्तान भन्ने जनाउँछ । गोत्र

१५ सामेत हिन्दू धर्मावलम्वीहरूमा जनाउने गोत्र जस्तै अर्थ लाग्छ ।

१६ सुप्तुलुङलाई सामान्य रुपमा बुझ्दा यो एक चुला हो जहाँ पितृहरू बस्नुका साथै ती सुप्तुलुङलाई पितृहरूको प्रतीक पनि मानिन्छ । यसलाई किर ातहरू आफ्नो आस्थाको केन्द्र मान्दछन् । त्यसैले किरातहरूमा सुप्तुलुङ दिने र राख्ने कार्यले महत्व राख्दछ ।

ऐन, २०७५, दफा ७(२) यस्तो अवस्थामा बालबालिकालाई हेर्ने कर्तव्य बुवाआमा दुवैको हुन्छ। उनीहरूले आफ्नो आर्थिक क्षमताअनुसार दुवैले बच्चाको लागि आर्थिक व्यय व्यहोर्नुपर्ने व्यवस्था गरेको छ (नेपाल सरकार, २०७५, पृ.५)।

मुन्दुमी कानुनमा भने आर्थिक व्ययभार मात्र नभइ बालबालिका कोसँग बस्ने, थर, पाछा र सामेत के हुने ? भन्ने विषयले पनि महत्त्व राख्दछ। मुन्दुमले पनि सम्बन्ध विच्छेदपछिको बालबालिकाको अवस्थाबारेमा व्यवस्था गरेको छ। मुन्दुमले बालबालिका बुबाकै हुने मान्यता राखेको पाइन्छ। यस आधारमा सम्बन्ध विच्छेदपछि बालबालिका माथिको अग्राधिकार बुबाले पाउने र सम्पूर्ण दायित्व बुबाले नै व्यहोर्ने दायित्व दिएको छ । आमा सम्बन्ध विच्छेदपछि विवाह नगरी एक्लै बसेको अवस्थामा बालबालिकाले आमासँगै बस्छु र आमाकै थर, पाछा, सामेत पनि ग्रहण गर्छु भनेर इच्छा व्यक्त गरेमा बालबालिकाको मागलाई प्राथमिकता दिइन्छ। यो अवस्थामा आमासँगै बस्न पाउनुका साथै आमाकै थर, पाछा, सामेत ग्रहण गर्ने स्वतन्त्रता दिएको छ। यस्तो अवस्था सिर्जना भएमा आमाले माइतीमा सल्लाह गर्दछन्। सल्लाहअनुसार चेली र भान्जाभान्जीहरूको अनुरोध माइतीहरूलाई ठीक छ भन्ने लागेमा मावली र समाज छलफल गरेर मुन्दुमी विधिविधानअनुसार भान्जाभान्जीहरूलाई थर, पाछा, सामेत र सुसुलुङ दिनुपर्दछ। यसरी मुन्दुमले सन्तान पुरुषकै हुने अग्राधिकार दिए तापनि बालबालिकाले आमासँगै बस्न चाहेमा सो बारेमा छनोट गर्ने अधिकार बालबालिकालाई नै स्वतन्त्रता दिएको छ। यसरी छोरीचेली साथै भान्जाभान्जीहरूलाई थर र संस्कार संस्कृतिविहीन बन्न मुन्दुमले दिँदैन।[१७]

## ३. निष्कर्ष

मुन्दुममा भएको बालअधिकारसम्बन्धी व्यवस्था बालअधिकार सम्बन्धमा बनेका अन्तर्राष्ट्रिय कानुन, आधुनिक संविधान तथा कानुनको बालअधिकारसम्बन्धी व्यवस्थाभन्दा कुनै पनि सवालमा भिन्न र कमजोर देखिँदैन। अझ यी कानुनहरूभन्दा एककदम अगाडि रहेको देखिन्छ। यस मुन्दुमी व्यवस्थाले यौन सम्बन्धबाट भ्रूण (गर्भ) सिर्जना भएबाट यसलाई मानवको सृष्टि मानेर संरक्षण गर्दै मानवको रूपमा जन्म दिनुपर्ने मान्यता राखेको पाइन्छ। भ्रूण वा गर्भका साथै गर्भवती आमा दुवै सक्षम र स्वास्थ्य रहनको लागि पोषणको अधिकारको समेत व्यवस्था गरेको पाइन्छ। यसरी नै सकुशल जन्मने अधिकारको व्यवस्था गर्दै पूर्ण रूपमा गर्भपतनलाई निषेध गरेको पाइन्छ। यतिमात्र होइन आधुनिक बालअधिकारसम्बन्धी कानुनहरूले गरेका बालअधिकारसम्बन्धी व्यवस्था, जस्तैः बालकले नाम प्राप्त गर्ने अधिकार, पोषणको अधिकार, शिक्षा तथा स्वास्थ्यको अधिकारजस्ता अधिकारहरू पनि मुन्दुममा निहित छन् भने अर्कोतिर बालबालिकाले इच्छाएमा आमाको थर, पाछा र सामेत समेत अवलम्वन गर्न सक्ने व्यवस्था गरेको देखिन्छ। यसरी मुन्दुम अलिखित भए पनि प्रथागत कानुन तथा मुन्दुमी कानुनको रूपमा समाजमा सशक्त लागु हुँदै बालबालिकालाई एक सशक्त व्यक्तित्वको निर्माण गरेर राज्य र राष्ट्रको लागि जनशक्ति निर्माण गर्न मद्दत पुर्‍याएको पाइन्छ।

---

१७ भोजपुर, टेम्केमैयुङ गाउँपालिका, वडा नं. २, पुर्ख्यौली घर भइ हाल टोखा नगरपालिका, वडा नं.८, गोङ्गबु बस्ने दुर्गा राईसँगको अन्तर्वार्ता प्राप्त जानकारी आधारित ।

## सन्दर्भ सामग्रीहरू

काइला, वैरागी. (१९९९). *किरात संस्कृतिमा मुन्धुमको उत्पत्ति.(सम्पा.).* निर्माण. १९(३४). पृ.२५१।

कोङरेन, रामजी. (वि.सं.२०६४). *याक्खा जातिको संस्कार र संस्कृति.* काठमाडौं : किरात याक्खा छुम्मा।

चाम्लिङ, जोग. (२००५). *किराँती रिदुम* : दार्जिलिङ : किराँत खम्बु राई सांस्कृतिक संस्थान।

चाम्लिङ, भोगीराज. (वि.सं.२०७१). *मुन्दुम (सङ्क.-सम्पा.).* काठमाडौं : किरात राई चाम्लिङ खाम्बातिम ।

चाम्लिङ, भोगीराज. (वि.सं.२०७३). *मुन्दुम होसुङ (सम्पा.).* काठमाडौं : किरात राई चाम्लिङ खाम्बातिम ।

थोमरोस्, भूपध्वज. (वि.सं.२०५७). *कुलुङ सांस्कृतिक अध्ययन.* काठमाडौं : द माउण्टेन इन्स्टिच्युट।

नेपाल सरकार. (वि.सं.२०७२). *नेपालको संविधान.* काठमाडौं : कानून किताब व्यवस्था समिति।

नेपाल सरकार. (वि.सं.२०७५). *बालबालिका सम्बन्धी ऐन.* काठमाडौं : कानून किताब व्यवस्था समिति।

पराजुली, कृष्णप्रसाद. (वि.सं.२०७७). *नेपाली बृहत् शब्दकोश.* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रभात, विष्णु. (वि.सं.२०७०). *प्रज्ञा दर्शन कोश.* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

भण्डारी, सुरेन्द्र. (वि.सं.२०५०). *फौजदारी कानुन.* काठमाडौं : एस.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

राई, काङमाङ नरेश. (वि.सं.२०७७). *साखुङ्बारा.* बेलायत : किरात राई यायोक्खा प्रारम्भिक कार्य समिति ।

राई, बुद्धि कुमार बायुङ. (वि.सं.२०८०). *किरात बायुङ राई तुम्लोयालो.* धरान : लेखक स्वयं ।

राई, भक्त. (वि.सं.२०७५). *पूर्वीय दर्शन.* काठमाडौं : नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र ।

राई, हिमाल. (वि.सं.२०४९). *किरातबारे तीन कुरा.* काठमाडौं : याङकोम्मा प्रकाशन ।

वाग्ले, लोकेन्द्र शर्मा (वि.सं.२०६१). *बालबालिकासम्बन्धी कानून र न्याय.* काठमाडौं : प्रकाशक उल्लेख नभएको।

शर्मा, गोपाल. (वि.सं.२०५१). *अन्तर्राष्ट्रिय मानव अधिकार.* काठमाडौं : निशान बुक्स एण्ड स्टेशनर्स ।

सङ्ग्रौला, युवराज. —वि.सं.२०४७). *कानुनशास्त्र तथा कानुनका सिद्धान्त.* काठमाडौं : पैरवी प्रकाशन ।

सुब्बा, धनहाङ. (वि.सं.२०७४). *लिम्बु लोकवार्ता.* ललितपुर : श्रीमती हाङमा लाबुङ-श्रीमती अनु गुरुङ (सुब्बा) ।

क्षेत्री, गणेश प्रसाद. खतिवडा, सोम प्रसाद (वि.सं.२०५४). *हिन्दू समाज र धर्म.* बिराटनगर : शिवा प्रकाशन।

United Nations New York and Geneva (2007). L*egisLative History of tHe Convention on the rights of tHe Child, VoLume i*. New York and Geneva : United Nations.